नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १२९ २०८२ साल पुस ४ गते शुक्रबार (19 Dec 2025 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## लागु औषधको दुर्व्यसनबाट टाढा रहौं

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : एमाले अध्यक्षमा पुनःनिर्वाचित... ३ पृष्ठमा : निर्वाचन महोत्सव ... ३ पृष्ठमा :भारतद्वारा स्वतन्त्र व्यापक ...

# सरकार र आन्दोलनकारी बीच दुई बुदे सहमती

# करदाता सेवा कार्यालय यथावत




**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

आन्तरिक राजश्व कार्यालय राजविराजमा पुनः स्थापनाको माग गर्दै विगत ६ दिनदेखी जारी रिले अनशन दुई बुँदे सहमति पश्चात् बुधबार रातीदेखी स्थगित भएको छ ।

सहमती पत्रमा छिट्टै अर्थ मन्त्रालयको व्यवस्थापन पक्ष सर्वेक्षण गरी आन्तरिक राजश्व विभाग मार्फत अर्थ मन्त्रालयलाई पत्राचार गर्ने र वैकल्पिक सेवा प्रवाह गर्ने निकायको क्षमता विकास नहुन्जेलसम्म हाल राजविराजमा रहेको करदाता सेवा कार्यालयलाई यथावत राखी सेवालाई निरन्तरता दिने उल्लेख छ ।

सरकारका प्रतिनिधी र आन्दोलनरत पक्षका प्रतिनिधी बीच बुधवार साँझसम्म चलेको छलफल पश्चात् सहमतीमा पुगेपछि सोही दिनदेखी रिले अनशन तथा आन्दोलनका घोषित अन्य कार्यक्रमहरु स्थगित गरिएको संघर्ष समितिका संयोजक मोहन कुमार यादवले जानकारी दिए ।

सरकारका तर्फबाट आन्तरिक राजश्व विभागका उपमहानिर्देशक रमेश अर्याल, प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, आन्तरिक राजश्व कार्यालय लहानका प्रमुख तथा उधोग बाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकाल र आन्दोलनरत पक्षका प्रतिनिधीहरु बीच चार घण्टा लामो छलफल पश्चात दुई बुदे सहमती भएको हो ।

गत कात्तिक १७ गते नेपाल सरकारले देशभरीका ३८ करदाता सेवा कार्यालय खारेजीको निर्णय गरेको थियो । त्यसको विरोधमा सप्तरीका राजनीतिक दल, संघ संस्था, उधोगी, व्यवसायी र जेनजी युवा समुह समेतको सहभागितामा संघर्ष समिती नै गठन गरी चरणबद्ध रुपमा आन्दोलनका कार्यक्रम हुदै आएको थियो ।

# मधेशका मुख्यमन्त्रीले आज विश्वासको मत लिने



**दैनिक समाचारदाता**
**धनुषा, ३ पुस ।**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशसभाबाट विश्वासको मत आज (शुक्रबार) लिने भएका छन् ।

मुख्यमन्त्री यादवले मधेस प्रदेशसभामा विश्वासको मत लिने व्यवस्था मिलाइदिन आग्रह गर्दै प्रदेशसभा सचिवालयलाई पत्र पठाएका थिए । मुख्यमन्त्रीको सचिवालयका अनुसार संविधानको धारा १६८ अनुसार विश्वासको मत लिने प्रयोजनका लागि प्रदेशसभामा पत्राचार गरिएको हो । संविधानमा मुख्यमन्त्री नियुक्त भएको मितिले ३० दिनभित्र अनिवार्य रूपमा विश्वासको मत लिनुपर्ने व्यवस्था छ ।

मुख्यमन्त्री यादव मंसिर १९ गते नेपाली कांग्रेसका संसदीय दलका नेताका हैसियतमा सात दलका ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

विश्वासको मत प्राप्त गरेपछि मधेस प्रदेश सरकारको कार्यकाल थप स्थिर हुने र बजेट कार्यान्वयन, विकास निर्माण तथा सुशासनका कार्यमा सरकार अझ सक्रिय हुने अपेक्षा गरिएको छ ।

## आवश्यकता

IMPACT Nepal

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्य:**
१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

# सञ्चारमाध्यमको अवस्था र चुनौती बारे बृहत छलफल



**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

मधेश प्रदेशमा संचारमाध्यमको अवस्था र चुनौती विषयक एक दिने गोष्ठी बिहीबार सम्पन्न भएको छ ।

मिडिया काउन्सिल मधेश प्रदेशले सिरहाको लहानमा आयोजना गरेको गोष्ठीमा सप्तरी र सिरहाका सञ्चाारमाध्यमको अवस्था र चुनौती बारे गोष्ठीमा बृहत छलफल भएको हो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव र सिरहा अध्यक्ष मनोज बनैताले जिल्लामा देखिएको सञ्चारमाध्यमको अवस्था र चुनौती बारे कार्यपत्र प्रस्तुत गरे ।

प्रस्तुत गरिएको कार्यपत्र प्रति सप्तरी र सिरहाका पत्रकारहरुले सञ्चारमाध्यमहरुको अवस्था अत्यन्त्य दयनिय रहेको भन्दै यस्तो अवस्थाबाट उकास्न तीनै सरकार गम्भिर बन्नु पर्ने सुझाव दिएका छन् ।

दुवै जिल्लामा झण्डै २ सय जति पत्रपत्रिका र दर्जनौंको संख्यामा अनलाइन मिडिया तथा एफएम संचालन भइरहेको तर आर्थिक अभावको कारण सञ्चार गृहका साथै श्रमजिवी पत्रकार पनि संकटमा परेकोले मिडिया काउन्सिललाई त्यसतर्फ ध्यान आकर्षण गराए ।

यस्तै आचारसंहिता पालना गरेर मात्र पत्रकारिता गरेको/नगरेका बारे र नियमित पत्रपत्रिका प्रकाशन सम्बन्धमा पनि काउन्सिले बजार अनुगमन गरेर नियमित प्रकाशनमा रहेका पत्रपत्रिकाहरुलाई प्रोत्साहन गर्न मिडिया काउन्सिले भूमिका निर्वाह गुर्नपर्ने पत्रकारहरुले सुझाव दिए ।

कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य जिवछी यादवले पत्रकार र सञ्चारकर्मीको समस्याबारे मधेश सरकार समक्ष

*बाँकी अन्तिम पृष्ठमा*

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मानवीय क्षति रोक्न संवेदनशिल बनौं

प्रत्येक वर्ष जाडोयाममा शीतलहरका कारण वृद्ध, बालबालिका र विपन्न वर्ग बढी प्रभावित हुने गर्छन् । न्यानो कपडा, ओढ्ने-ओछ्याउने, अस्थायी आश्रय र स्वास्थ्य सेवाको अभावले कतिपयले ज्यानसमेत गुमाउनुपरेको तीतो यथार्थ छ । यस्ता घटना दोहोरिँदा पनि सम्बन्धित निकायको तयारी उस्तै देखिनु भनेको चिसोको मात्र होइन, मानवीय संवेदनाको महसुस नै नहुनु हो ।

स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वयको कमी पनि अर्को समस्या बनेको छ । बजेट हुन्छ, योजना बन्छन्, तर कार्यान्वयन कमजोर हुँदा वास्तविक पीडितसम्म राहत पुग्दैन । समाजसेवी संस्था र सञ्चारमाध्यमले पटक-पटक आवाज उठाउँदा पनि दीर्घकालीन समाधानतर्फ ध्यान नजानु दुःखद हो । चिसो मौसम प्राकृतिक प्रक्रिया हो, तर त्यसबाट हुने मानवीय क्षति रोकिन सक्छ । आवश्यक कुरा इच्छाशक्ति, समयमै तयारी र नागरिकप्रति जिम्मेवारीबोध हो । यदि अब पनि चिसोको महसुस भएन भने, त्यो मौसमको दोष होइन, हाम्रो सामूहिक असंवेदनशीलताको प्रमाण हुनेछ ।

तापक्रम घट्दै जाँदा गरिब, असहाय र सडकमा जीवन बिताइरहेका नागरिकको पीडा बढ्छ । तसर्थ मौसम कति चिसो भयो भन्ने होइन, राज्य र समाज कति संवेदनशील बन्न सक्छ भन्ने कुरालाई सम्बन्धीत निकायले मनन् गर्नै पर्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# एमाले अध्यक्षमा पुनःनिर्वाचित ओलीको यस्तो छ सङ्घर्षपूर्ण राजनीतिक यात्रा

**प्रकाश सिलवाल**

काठमाडौँ, ३ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओली मुलुकको राजनीतिक क्षेत्रमा एक जुझारु, सङ्र्षशील एवं जेलनेल भोगेको नेताका रुपमा स्थापित हुनुहुन्छ । यसैगरी अध्ययनशील, निर्णयमा अडिग र आफूलाई विश्वास गर्ने नेता, कार्यकर्ता र शुभेच्छुकलाई साथसहयोगसहित यथासक्य संरक्षण गर्न कन्जुस्याइँ नगर्ने नेताका रुपमा चिनिनुहुन्छ ।

एमाले पार्टीको यसअघि दुई कार्यकाल नेतृत्व गरिसक्नुभएका नेता ओली काठमाडौमा सम्पन्न ११ औं महाधिवेशनमा प्रतिस्पर्धी ईश्वर पोखरेलभन्दा १०९९मत बढी प्राप्त गरी तेस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित हुनुभएको हो । झापा विद्रोहमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै जेलनेलसहित अनेकौं आरोहअवरोह झेलेर मुलुकको राजनीतिक केन्द्रमा रहन सफल अध्यक्ष ओलीले तीनपटक देशको नेतृत्व गरिसक्नुभएको छ ।

पछिल्लो पटक २०८१ असार ३१ मा नेपाली कांग्रेससँगको सहकार्यमा चौथो पटकका लागि मुलुकको प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएका ओलीले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि प्रधानमन्त्रीबाट राजीनामा दिनुभएको थियो ।

गत मङ्सिर २७ गतेदेखि काठमाडौँमा सुरु भएको ११औँ महाधिवेसनमा पार्टीभित्र पुस्तान्तरण र हस्तान्तरणको आवाज उठे पनि देश र प्रदेशबाट छानिएर आएका महाविशन प्रतिनिधिहरूले पुनः ओलीलाई नै नेतृत्वको जिम्मेवारी सुम्पेका छन् । विघटित प्रतिनिधिसभामा दोस्रो ठुलो दलका रुपमा रहेको एमालेलाई विशेष गरी जेन्जी आन्दोलनपछि मुलुकमा विकसित राजनीतिक घटना, परिघटनाबीच नेतृत्व गर्ने चुनौती ओलीसमक्ष रहेको छ ।

अध्यक्ष ओली विसं २०७१ साउन १ गते काठमाडौँमा सम्पन्न पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनमा पहिलो पटक अध्यक्षमा निर्वाचित हुनुभएको थयो । यसैगरी २०७८ मङ्सिर दोस्रो साता चितवनामा सम्पन्न दसौँ राष्ट्रिय महाधिवेशनबाट उहाँ अध्यक्ष हुनुभएको थियो ।

समृद्धि, विकास र राष्टि्यताका पक्षमा स्पष्ट अडान राख्ने नेताका रुपमा छवि कमाउनुभएका अध्यक्ष ओली आत्मविश्वाससहित हठी नेताका रुपमा चिनिनुहुन्छ ।

नेपालको वर्तमान संविधान जारी भएसँगै २०७२ असोज २४ गते अध्यक्ष ओली पहिलो पटक मुलुकको प्रधानमन्त्री बन्नुभएको थियो । यसैगरी, तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को समर्थनमा २०७४ फागुन ३ गते झन्डै दुई तिहाइ बहुमतसहित उहाँ दोस्रो पटक सरकारको नेतृत्वमा पुग्नुभएको थियो ।

विसं २०७५ जेठ ३ मा एमाले र तत्कालीन माओवादी केन्द्रको एकतापछि पहिलो वरियताको अध्यक्ष हुनुभएका उहाँ पार्टीभित्रको विवाद तथा विभाजनबीच संसद् विघटन गर्ने उहाँको निर्णय सर्वोच्च अदालतबाट बदर भएपछि सरकार बाहिर पुग्नुभएको थियो ।निम्नमध्यम् वर्गीय परिवारमा बुबा मोहनप्रसाद र आमा मधुमायाका सुपुत्र पूर्व प्रधानमन्त्री ओली लोकतन्त्रका लागि लामो सङ्घर्ष, जेलनेल, पटक पटक कठोर यातना भोग्ने नेता हुनुहन्छ ।

पूर्वी पहाडी जिल्ला तेह्रथुमको आठराईस्थित इवा गाउँको साधारण किसान परिवारमा २००८ साल फागुन ११ मा जन्मनुभएका ओली चार वर्षको उमेरमै मातृस्नेहबाट विमुख हुन पुग्नुभएको थियो ।

हजुरआमा रमादेवी ओलीको पालनपोषणमा हुर्किएका ओली आफ्नो बाल्यकालमा पढाइका साथै ग्रामीण किसान परिवारमा गरिने सबै काम गरेको अहिले पनि स्मरण गर्ने गर्नुहुन्छ ।तेह्रथुम छोडेर २०२० सालमा उहाँको परिवार झापा बसाइँ सर्‍यो । झापाको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक परिवेशमा अन्तर घुलित हुँदै जिज्ञासु स्वभावका ओलीले किशोर अवस्थामै समाजभित्र हुने असमानता, विभेद र पक्षपातलगायतका प्रश्नहरूको उत्तर खोज्नतिर केन्द्रित हुनुभएको थियो ।

अध्यक्ष ओलीको राजनीतिक उदय झापा आन्दोलनको सिर्जना र कठोर भूमिगत सङ्घर्षबाट भएको हो । राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्थाको विरोधसहित देशभक्ति, लोकतन्त्र, समानता, सामाजिक न्याय, भेदभावरहित समाज र जनजागरणका पक्षमा भएका आन्दोलनमा सदैव उहाँ नेतृत्वदायी भूमिकामा हुनुहन्छ ।

अध्यक्ष ओलीले लोकतान्त्रिक संरचनाहरूको सबलीकरण, राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्रको मूल्यमान्यताप्रति प्रतिबद्धता, उग्रता र भड्काउहरुबाट समाजको रक्षा र जनताको जीवनमा सुखशान्तिका लागि अविचलित रूपमा अग्रणी भूमिका निर्वाह गर्दै आउनुभएको छ ।

‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्पलाई काँधमा बोकेर मुलुक र जनताको सेवाका लागि सरकारको नेतृत्वमा रहँदा र नरहँदा पनि अहोरात्र खट्ने अध्यक्ष ओली कुशल वक्ता, तार्किक र अध्ययनशील नेतासमेत हुनुहुन्छ ।

पन्ध्र वर्षको किशोर उमेरमा २०२३ सालमा उहाँ रामनाथ दाहालको अगुवाइमा रहेको मार्क्सवादी अध्ययन दलमा सामेल हुनुभएको थियो । नेता दाहालसहित पाँच योद्धालाई तत्कालीन पञ्चायती सरकारले जेल सार्ने बहानामा सुखानीको जङ्गलमा गोली हानी हत्या गरेको थियो ।

मार्क्सवादी अध्ययन दलमा सामेल भएको दुई वर्षमै पूर्णकालीन राजनीतिमा जोडिएर २०२६ माघमा उहाँले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिनुभएको थियो । कम्प्युनिष्ट आन्दोलनमा होमिनुभएका ओली २०२६ सालमा पहिलो पटक पञ्चायती सरकारको गिरफ्तारीमा पर्नुभएको थियो ।

पञ्चायती व्यवस्थाको विरोधका क्रममा नेता ओलीलगायत झापा आन्दोलनका क्रान्तिकारीहरू २०३० सालमा पक्राउ पर्नुभएको थियो । त्यसपछि चार वर्ष गोलघरको यातनासहित १४ वर्ष लामो कठोर कारावास जीवन ओलीले बिताउनुभएको छ ।

अध्यक्ष ओली जेलमा रहँदा २०३५ साल पुस ११ मा गठित नेपाल कम्युनिष्ट पार्टी (माले)को संस्थापक र २०४४ साल असार ११ गते जेलबाट रिहा भएपछि सोही वर्षको पुस २ मा बसेको नेकपा (माले)को केन्द्रीय कमिटी बैठकबाट उहाँ केन्द्रीय सदस्य हुनुभयो । यसैगरी पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन परिचालकका लागि लुम्बिनी अञ्चल इन्चार्जको जिम्मेवारी संहाल्नुभयो ।

नेकपा (माले) समेतको नेतृत्वमा सञ्चालित जनआन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्था पराजित भएपछि २०४७ जेठ १ गते नेता ओली पार्टीको युवा संस्था प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालको संस्थापक अध्यक्ष हुनुभयो ।

नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकरण र विस्तार गर्ने क्रममा २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच पाटी एकीकरण भएर नेकपा (एमाले) बन्यो र एकीकृत पाटीमा ओली केन्द्रीय सदस्य हुनुभयो ।

बहुदलीय व्यवस्थाको स्थापनापछि २०४८ सालमा भएको पहिलो आम निर्वाचनमा झापा निर्वाचन क्षेत्र नं ६ बाट प्रतिनिधिसभाको सदस्यमा निर्वाचित ओली २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा झापा क्षेत्र नं २ बाट प्रतिनिधि सभा सदस्य हुनुभयो । यसैबीच पार्टी जिम्मेवारीका क्रममा पोलिटब्यूरो सदस्यसहित विदेश विभाग, प्रचार विभाग र संसदीय विभाग प्रमुखको जिम्मेवारी उहाँले सम्हाल्नुभयो । पछि उहाँ उपप्रधानमन्त्री र परराष्ट्र पनि बन्नुभयो ।

बहुदलीय व्यवस्थाको पुनः स्थापनापछि २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको प्रथम जननिर्वाचित कम्युनिष्ट सरकारमा उहाँ पहिलो पटक मुलुकको गृहमन्त्री हुनुभयो ।

# चितवन राष्ट्रिय निकुञ्जमा बाघ गणना सुरु

चितवन, ३ पुस (रासस) ।

चितवन राष्ट्रिय निकुञ्जमा आजदेखि बाघ गणना सुरु गरिएको छ । बाघ गणनाका लागि यही पुस १ र २ गते तालिम दिएपछि एक सय ५० जना गणकहरू आजदेखि कार्यक्षेत्रमा खटिएका हुन् ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार आज त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरणडाभार क्षेत्रमा गणकहरू खटिएका छन् । उहाँले पहिलो भागअन्तर्गत यस क्षेत्रमा दुई सय ८६ वटा ग्रिड बनाएर गणना गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखिने छ ।”

चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर बाघ गणना गर्न लागिएको जनाउँदै मगरले उक्त ब्लकलाई तीन भागमा विभाजन गरिएको बताउनुभयो । उहाँका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखी बाघ गणना गरिने छ । चितवन-पर्सा ब्लकमा नौ सय ५८ वटा ग्रिड बनाएर बाघ गणना गर्न लागिएको उल्लेख गर्दै सूचना अधिकारी मगरले यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिने जानकारी दिनुभयो ।

“योसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि गणना गरिँदै छ । तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । हरेक चार/चार वर्षमा बाघ गणना गरिँदै आइएको छ”, मगरले भन्नुभयो । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंसेवी, विद्यार्थी र संरक्षणका साझेदारहरू गणनामा सहभागी भएका उहाँले जानकारी दिनुभयो ।

ग्रिडहरू बीचभागमा पर्ने स्थानमा गणना गर्ने प्राविधिक क्याम्प (शिविर) सथापना गरी गणकका लागि बस्ने व्यवस्था गरिएको निकुञ्ज कार्यालयले जनाएको छ । गणकहरूले भूगोल अनुसार आठदेखि १२ सम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने उहाँले जानकारी दिनुभयो ।

“ग्रिडबाट क्यामेरा

*बाँकी तीन पृष्ठमा*

# निर्वाचन महोत्सव बन्दैछ : सञ्चारमन्त्री

ललितपुर, ३ पुस (रासस) ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न सरकारले आफ्ना तर्फबाट तयारी गरिरहेको बताउनुभएको छ ।गोरखापत्र संस्थानद्वारा आज यहाँ आयोजित 'गोरखापत्र डिस्कोर्स' को उद्घाटन समारोहमा उहाँले आगामी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनलाई महोत्सव बनाउनुपर्नेमा जोड दिनुभयो ।

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री खरेलले भन्नुभयो, "निर्वाचन सफल बनाउने वातावरणका लागि सरकारले काम गरिरहेको छ, मुलुक निर्वाचनमा प्रवेश गरिसकेको छ । निर्वाचनत उत्सव होइन, अब महोत्सव बन्दैछ ।"निर्वाचनका लागि सरकारले स्रोतसाधन र जनशक्तिको व्यवस्था गरेर तयारी गरिरहेको उहाँले जानकारी दिनुभयो । "मुलुक निर्वाचनको दिशामा अगाडि बढिसकेको छ, सरकारले सबै तयारी गरिसकेको छ, निर्वाचन आयोगले पनि निरन्तर काम गरिरहेको छ । सबैजसो राजनीतिक दल निर्वाचनमा होमिएका छन् ।"

सञ्चारमन्त्री खरेलले जेनजी आन्दोलनको जगमा बनेको वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासन कायम र निर्वाचन सम्पन्न गर्ने कार्यदिशा पूरा गर्न सक्रिय भएको उल्लेख गर्नुभयो । उहाँले तीन महिनामा ३० भन्दाबढी भ्रष्टाचारका मुद्दा अदाललतमा पुगेका जानकारी दिनुहुँदै विगतका दिनमा प्रभाव र दबाबमा मुद्दा अगाडि नबढ्ने अवस्थाको अन्त्य भएको प्रष्ट पार्नुभयो । मन्त्री खरेलले भन्नुभयो, "हामीले भ्रष्टाचार नियन्त्रणका निकायलाई स्वतन्त्र रूपमा अगाडि बढ्न सहयोग गरेका छौं ।"

**गोरखापत्र 'डिस्कोर्स'को निष्कर्षलाई सरकारले ग्रहण गर्नेछ**

सञ्चारमन्त्री खरेलले गोरखापत्र डिस्कोर्सबाट प्राप्त निष्कर्षलाई सरकार र सम्बन्धित निकायले ग्रहण गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो,"जेनजीआन्दोलनपछिको पुनःनिर्माण र विकासको सन्दर्भमा मुलुकलाई समुन्नति तथा आर्थिक समृद्धिको दिशामा अगाडि बढाउन यो डिस्कोर्सले महत्वपूर्ण भूमिका खेल्ने छ । डिस्कोर्सको निष्कर्षलाई सरकार र सम्बन्धित निकायले ग्रहण गर्नेछ', उहाँले भन्नुभयो ।

गोरखापत्रको डिस्कोर्सले नेपाल बनाउने सन्दर्भमा 'मिडिया'को भूमिका कुन हदसम्म हुन्छ भन्ने प्रमाणित गरेको उहाँको भनाइ छ । "मिडियाले सूचना र शिक्षा सम्प्रेषण मात्र गर्ने होइन मिडियाले डिस्कोर्स तयार गर्छ । विकासका लागि तालिम दिन्छ, मिडिया मिडियाको भूमिकामा मात्र नरहेर मुलुक बनाउने भूमिका हुन्छ भन्ने मानक गोरखापत्र संस्थानले स्थापना गरेको छ",उहाँले भन्नुभयो ।

**सामाजिक सुरक्षा कोषमा आवद्धता**

राज्यबाट सञ्चालित सञ्चार गोरखापत्र संस्थानका सञ्चारकर्मी तथा कर्मचारी सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन् । सञ्चारमन्त्री खरेलले सामाजिक सुरक्षा कोषमा आवद्धताको परिचयपत्र वितरण गर्नुभयो । मन्त्री खरेलले आफूले मन्त्रालयको जिम्मेवारी लिएको भोलिपल्ट नै राज्यबाट सञ्चालित सञ्चार माध्यमलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने निर्णय लिएको र त्यसलाई गोरखापत्रले सुरुमै कार्यान्वयन गरेकोप्रति खुसी व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो,"सामाजिक सुरक्षा कोषमा आवद्धता सुरु गर्ने राज्यबाट सञ्चालित मिडियामा पहिलो बनेर सरकारको अभियानलाई साथ दिएकामा गोरखापत्र संस्थानलाई धन्यवाद दिन चाहन्छु ।"

संस्थानले १८० जना कर्मचारी तथा पत्रकारलाई सामाजिक सुरक्षामा आवद्धता गराउने जनाएको छ । मन्त्री खरेलले वर्षौंदेखि अड्किएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (ओएनएम) पारित गरेको जानकारी गराउनुभयो ।

सञ्चारमन्त्री खरेलले गोरखापत्र अब नेपाली आमसञ्चार माध्यममा अझ बढी व्यावसायिक, अझ बढी प्रतिस्पर्धी र अझ बढी युग सुहाउँदो हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "गोरखापत्रले अब 'डिजिटल हाइवे'मा रफ्तारमा अगाडि बढ्नुपर्ने छ । अब सबै 'आउटलेट'लाई डिजिटल हाइवेमा अगाडि बढ्नुपर्ने छ । अब मोबाइल र डिजिटल प्लेटफर्ममा देखिनुपर्ने छ ।"

# तीन महिनामा १० प्रतिशतले राजस्व वृद्धि भएको छ : अर्थमन्त्री खनाल

पाटन (ललितपुर), ३ पुस (रासस) ।
अर्थमन्त्री रामेश्वरप्रसाद खनालले पछिल्लो तीन महिनामा मुलुकको अर्थतन्त्र चलायमान बन्दै गएको बताउनुभएको छ ।

अर्थतन्त्रको दिगो विकासका लागि निजी क्षेत्रसँग संवाद गर्ने उद्देश्यसहित गोरखापत्र संस्थानको आयोजना र गोरखापत्र एकेडेमीको संयोजनमा आज आयोजित 'गोरखापत्र डिस्कोर्स' को उद्घाटन समारोहमा मन्त्री खनालले बितेको तीन महिनाको तथ्याङ्कले नेपालको अर्थतन्त्र चलायमान भएको पुष्टि गर्ने धारणा राख्नुभयो ।

युवापुस्ता जेनजीको आन्दोलनको तीन महिनामा नेपालको अर्थतन्त्रमा पुरुत्थान हुँदै गएको भन्दै उहाँले यसअवधिमा करिब १० प्रतिशतले राजस्व वृद्धि भएको जानकारी दिनुभयो ।

"गएको तीन महिनामा १० प्रतिशतको हाराहारीमा राजस्व वृद्धि भएको छ । उत्पादकत्व र उत्पादन वृद्धि भइरहेको छ, अन्तरिम सरकारले छोटो अवधिमा पनि सुधार गर्दै लगानीको वातावरण तयार गरेको भनेर चिनियाँ लगानीकर्ताले प्रशंसा गरिरहनुभएको छ", अर्थमन्त्री खनालले भन्नुभयो ।

मन्त्री खनालले अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्दै यस क्षेत्रमा रहेको तरलता व्यवस्थापन र लगानीको वातावरण तयारका लागि सरकारले येजनाबद्ध काम गरिरहेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका गभर्नर प्रा डा विश्वनाथ पौडेलले गोरखापत्रले गरिरहेको कामले ज्ञानको दायरा बढाउने बताउँदै पुराना पत्रिका अध्ययन अनुसन्धानका लागि अर्थविद्हरू प्रभावकारी हुने धारणा राख्नुभयो । उहाँले दीर्घकालीन विकासका लागि दिगो पूर्वाधार विकासलाई जोड दिनुपर्ने बताउँदै उहाँले सरकारले ठूलो खर्च गर्नसक्ने वातावरण तयार गर्न नेपाल राष्ट्र बैंक तत्पर रहेकामा जोड दिनुभयो ।

गभर्नर डा पौडेलले निजी व्यवसायीलाई उच्चमनोबलका साथ काम गर्न प्रोत्साहित गर्दै निष्पक्ष रूपमा हुने आगामी निर्वाचनले स्थायित्व कायम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले समाचारका साथसाथै बहसको माध्यमबाट नेपाली अर्थतन्त्रमा देखिएको रिक्तता पूर्ति गर्दै चुनौतीलाई चिर्न र आशाको सञ्चार गर्न यो बहस आयोजना गरिएको बताउनुभयो ।

उहाँका अनुसार नेपालको आर्थिक पुनरुत्थान, लगानीको वातावरण बनाउन र भविष्यका विकास, रणनीतिबारे उच्चस्तरीय राष्ट्रिय बहसका लागि निजी क्षेत्र, विज्ञ, नीतिनिर्माता र सरोकार भएका निकायका प्रतिनिधिबीच साझा मञ्च सिर्जना गरी चुनौती र अवसरको पहिचान गर्ने उद्देश्यले संस्थानले पहिलोपटक 'गोरखापत्र डिस्कोर्स अन रिकभरी एण्ड रिजिलेन्स' शीर्षकमा कार्यक्रम आयोजना गरेको होर ।

पहिलोपटक भइरहेको यस डिस्कोर्समा 'स्मार्ट पूर्वाधारः विकास र व्यवस्थापन', 'कस्तो मनोबल?' र 'पुँजी परिचालन र नीतिगत सहजीकरण' विषयमा शीर्षकगत तीन वटा छलफलसत्र हुँदैछन् । गोरखापत्र विसं १९५८ मा प्रकाशन सुरु भएको नेपालको पहिलो समाचारपत्र होर ।

### चितवन राष्ट्रिय ...

निकालेपछि अध्ययन थालिने छ । बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेरा राखिने छ । ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ", सूचना अधिकारी मगरले भन्नुभयो । बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइने उहाँले बताउनुभयो ।

"हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन् । पहिलो कम्प्लेक्स (समूह) यो हो भने दोस्रो बाँके र बर्दिया राष्ट्रिय निकुञ्जलाई बनाइएको छ । त्यहाँभित्र पनि तीन वटा ब्लक हुनेछन् । तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझण्डी हुनेछ । यसलाई एउटै ब्लक बनाइने छ", उहाँले भन्नुभयो ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा तीन सय ५५ वटा वयस्क बाघ रहेका तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा एक सय २८, बर्दियामा एक सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएका थिए । बाघ गणना भएपछि गैंडा गणना गर्ने तयारी गरिने निकुञ्ज कार्यालयले जनाएको छ । गत वर्ष गैंडा गणना गर्ने कार्यक्रम बजेट अभावका कारण रोकिएको थियो ।

# काठमाडौंबाट फरार दुई प्रतिवादी बारामा पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ३ पुस ।**
केन्द्रीय कारागार जगन्नाथदेवल सुन्धारा काठमाडौंबाट फरार भएका लागुऔषध मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका दुई प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

गत भदौ २४ गते कारागार तोडी फरार भएका बारा जिल्ला करैयामाई गाउँपालिका वडा नं. ७ पिपरा निवासी २९ वर्षीय विवेक चौधरी र २३ वर्षीय कृष्णा चौधरीलाई जिल्ला प्रहरी कार्यालय बारा मातहतको प्रहरी चौकी बारागढीबाट खटिएको टोलीले नियन्त्रणमा लिएको हो ।

विशेष सूचनाका आधारमा खोजतलास गर्दा उनीहरूलाई बिहीबार करैयामाई गाउँपालिकाको पिपरास्थित आफ्नै गाउँबाट पक्राउ गरिएको

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# भारतद्वारा स्वतन्त्र व्यापार सम्झौतालाई तीव्रता

नयाँदिल्ली, ३ पुस (रासस/एपी) ।
विश्वव्यापी व्यापारमा बढ्दो अनिश्चितता र अमेरिकाले लगाएको उच्च आयात शुल्कको प्रभावलाई न्यूनीकरण गर्न तथा निर्यात गन्तव्यहरू विस्तार गर्ने उद्देश्यले भारतले आगामी केही महिनाभित्र विभिन्न स्वतन्त्र व्यापार सम्झौता (एफटिए) लाई अन्तिम रूप दिन प्रयास तीव्र बनाएको छ । भारतीय अधिकारीहरूका अनुसार भारत युरोपेली सङ्घ (इयु), न्युजिल्यान्ड र चिलीसँग उन्नत चरणको वार्तामा रहेको छ भने ओमानसँग यसै साता पहिलो स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । विवरणहरू अझै सार्वजनिक नभएकाले नाम नखुलाउने सर्तमा अधिकारीहरूले जानकारी दिएका हुन् । अधिकारीहरूका अनुसार बिहीबार भारत-ओमान स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर हुने अपेक्षा गरिएको छ, जसका लागि प्रधानमन्त्री नरेन्द्र मोदी ओमानको राजधानी मस्कट पुग्नुहुने सम्भावना छ । यस सम्झौताले द्विपक्षीय व्यापार विस्तार गर्नुका साथै भारतका इन्जिनियरिङ सामान, कपडा, औषधि तथा कृषि उत्पादनहरूको निर्यात प्रवर्द्धन गर्ने लक्ष्य लिएको बताइएको छ । स्वतन्त्र व्यापार सम्झौताहरू भारतको दीर्घकालीन आर्थिक रणनीतिको केन्द्रीय आधार मानिन्छन् । यी सम्झौतामार्फत विश्वव्यापी आपूर्ति शृङ्खलामा अझ गहिरो रूपमा एकीकृत हुने, निर्यात वृद्धिलाई बलियो बनाउने र दिगो रोजगारी सिर्जना गर्ने भारतको लक्ष्य रहेको अधिकारीहरूले बताएका छन् । कर घटाउने र पूर्वानुमानयोग्य व्यापार नियम तय गर्ने माध्यमबाट यस्ता सम्झौताले भारतीय व्यवसायहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न र नयाँ बजारमा पहुँच विस्तार गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ ।

कर विवाद र भूराजनीतिक तनावले विश्व व्यापारलाई थप जटिल बनाइरहेका बेला भारतले व्यापक व्यापार सम्झौता सञ्जालमार्फत बाह्य झट्काहरूको प्रभाव कम गर्ने र आफ्ना निर्यात महत्वाकांक्षालाई सुरक्षित बनाउने रणनीति अपनाएको विश्लेषकहरूको भनाइ छ । हाल भारतीय निर्यातकर्ताहरूले अगस्टदेखि लागू भएको ५० प्रतिशतसम्मको अमेरिकी आयात शुल्कको दबाब भोगिरहेका छन् । भारत र अमेरिका द्विपक्षीय व्यापार सम्झौताका लागि वार्तामा रहेकै बेला यी शुल्कले कपडा, अटो कम्पोनेन्ट, धातु तथा श्रम-गहन उद्योगहरूमा उल्लेखनीय असर पारेको छ । व्यापार विश्लेषक अजय श्रीवास्तवका अनुसार भारतले कडा र अनिश्चित अमेरिकी भन्सार शुल्कको प्रभाव न्यूनीकरण गर्न तथा निर्यात बजार विविधीकरण गर्न एफटिएलाई रणनीतिक उपकरणका रूपमा प्रयोग गरिरहेको छ । उहाँका अनुसार भारतले हाल २६ देश समेटिने १५ वटा एफटिए र थप २६ राष्ट्रसँग छ वटा अधिमान्य व्यापार सम्झौता गरिसकेको छ भने ५० भन्दा बढी साझेदारसँग वार्ता जारी छ । यी वार्ताहरू सम्पन्न भएपछि चीनबाहेक प्रायः सबै प्रमुख विश्व अर्थतन्त्रहरूसँग भारतको व्यापार सम्झौता हुनेछ । हालका वर्षहरूमा भारतले संयुक्त अरब इमिरेट्स र अस्ट्रेलियासँग व्यापक आर्थिक सहकार्य तथा व्यापार सम्झौतामा हस्ताक्षर गरी द्विपक्षीय व्यापार उल्लेखनीय रूपमा बढाएको छ । गत मे महिनामा बेलायत र भारतबीच पनि कडा मेहनतका साथ एफटिएमा सहमति भएको घोषणा गरिएको थियो, जसले स्कच ह्विस्की र अङ्ग्रेजी जिनजस्ता उत्पादनहरू भारतमा तथा भारतीय खाना र मसलाहरू बेलायतमा पठाउँदा लाग्ने शुल्क घटाउनेछ । अधिकारीहरूका अनुसार यस्ता पछिल्ला सम्झौताहरूले छरितो वार्ता प्रक्रिया र स्पष्ट व्यापार ढाँचाको आवश्यकता अझ बलियो बनाएको छ । व्यापार सचिव राजेश अग्रवालले यसै साता पत्रकारहरूसँग भन्नुभएको थियो, "विश्व व्यापार चुनौतीपूर्ण अवस्थामा रहँदा भारतले धेरै एफटिएहरूमा वार्ता गरिरहेको छ र आगामी वर्ष यीमध्ये धेरैमा सकारात्मक प्रगति देखिने विश्वास छ ।"

यद्यपि नयाँ गति देखिए पनि भारतीय वार्ताकारहरूले साना किसान र घरेलु उद्योगहरूको संरक्षण गर्दै साझेदार राष्ट्रहरूको थप बजार पहुँचसम्बन्धी दबाव सन्तुलनमा राख्नुपर्ने चुनौती सामना गरिरहेका छन् । भारत र अमेरिकाबीच गिरावटसम्ममा द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरण पूरा हुने अपेक्षा गरिएको थियो । तर भारतले छुट मूल्यमा रुसी कच्चा तेल खरिद निरन्तर जारी राखेपछि सम्बन्ध केही तनावपूर्ण बनेको छ । वासिङ्टनले यसले युक्रेनविरुद्धको युद्धमा रुसको युद्ध क्षमतालाई सहयोग पुऱ्याएको आरोप लगाउँदै आएको छ । हालका हप्ताहरूमा भने सम्बन्ध सुधारतर्फ सङ्केत देखिएका छन् । प्रधानमन्त्री मोदीले रुस-युक्रेन युद्ध अन्त्य गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शान्ति योजनाको प्रशंसा गर्नुभएको छ र दुवै नेताबीच व्यापारलगायत आपसी हितका विषयमा फोनवार्ता पनि भएको छ । उप व्यापार प्रतिनिधि रिक स्विजरको नेतृत्वमा अमेरिकी वार्ताकार टोलीले गत हप्ता नयाँदिल्ली भ्रमण गरी भारतीय अधिकारीहरूसँग छलफल गरेको थियो । भारतको विदेश मन्त्रालयका अनुसार उक्त भेटमा भारत-अमेरिका आर्थिक तथा प्राविधिक साझेदारी र द्विपक्षीय व्यापार विस्तारका सम्भावनाबारे विचार-विमर्श भएको थियो । यसैबीच न्युजिल्यान्डका व्यापार तथा लगानीमन्त्री टोड म्याक्लेले गत हप्ता आफ्ना भारतीय समकक्षी पियुष गोयलसँग भेट गरी एफटिएका प्रमुख पक्षहरूबारे छलफल गर्नुभएको थियो । युरोपेली सङ्घ (इयु) का व्यापार तथा आर्थिक सुरक्षा आयुक्त मारोस सेफकोभिकले पनि गोयललाई भेटेर भारत्स्-इयु एफटिएको प्रगति समीक्षा गर्दै बाँकी मुद्दा समाधान र वार्ता अघि बढाउने उपायहरूमा छलफल गर्नुभएको छ ।

# पाकिस्तानबाट १ सय ६७ जना अफगान कैदी स्वदेश फिर्ता

काबुल, ३ पुस (रासस/सिन्ह्वा) ।
गत हप्तामा पाकिस्तानी जेलबाट रिहा भएका कुल १६७ जना अफगान कैदीहरू सुरक्षित अफगानिस्तानमा फर्केको अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले बिहीबार घोषणा गरेको छ । मन्त्रालयका अनुसार यी व्यक्तिहरूलाई एक दिन देखि दुई महिना सम्म हिरासतमा राखिएको थियो । तिनीहरू दक्षिणी कान्दाहार प्रान्तको स्पिन बोल्डक सीमा पार गरेर अफगानिस्तान फर्केको जनाइएको छ भने आइ पुगे पछि, उनीहरूले आफ्नो गृह प्रान्तहरूमा पुग्नु अघि सीमा क्षेत्रमै सहयोग प्राप्त गरेको जनाइएको छ । केही महिना अघि जारी गरिएको देशको विदेश मन्त्रालयको तथ्याङ्कले दश हजार भन्दा बढी अफगान नागरिकहरू विदेशमा, बन्दी बनाइएका छन् भने अधिकांश इरान र पाकिस्तानमा रहेको जनाइएको छ ।

# एमाले अध्यक्षमा पुनःओली विजयी

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ पुस ।**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्षमा पुनः केपी शर्मा ओली विजयी भएका छन् । उनले आफ्ना प्रतिद्वन्द्वी ईश्वर पोखरेललाई भारी मतले पराजित गर्दै तेश्रो पटक अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

केन्द्रीय निर्वाचन आयोगका अनुसार नेता ओलीले १ हजार ६ सय ६३ मत प्राप्त गरे भने प्रत्यासी पोखरेलले ५ सय ६४ मत प्राप्त गरे ।

त्यसैगरी, महासचिवमा शङ्कर पोखरेल १ हजार २ सय २८ मतका साथ विजयी भए भने उनको प्रतिस्पर्धी सुरेन्द्रप्रसाद पाण्डेले ९ सय ९९ मत प्राप्त गरे ।

यस्तै केन्द्रीय निर्वाचन आयोगका अनुसार उपाध्यक्षमा पृथ्वी सुब्बा गुरुङले १ हजार ७ सय ३७ मत, विष्णुप्रसाद पौडेलले १ हजार ६ सय ७५ मत, रामबहादुर थापाले १ हजार ५ सय १६ मत, गोकर्णराज विष्टले १ हजार ३ सय ६८ मत र रघुजी पन्त १ हजार २ सय ५८ मतका साथ विजयी भए ।

त्यसैगरी, उपमहासचिवमा लेखराज भट्टले १ हजार ४ सय ५२ मत, रघुवीर महासेठले १ हजार ३ सय ६८ मत र योगेश भट्टराई १ हजार ३ सय ४८ मत प्राप्त गरि विजयी भए ।

त्यसैगरी, सचिव महेश बस्नेतले १ हजार ५ सय ४४ मत, छविलाल विश्वकर्माले १ हजार ५ सय ६ मत, पद्माकुमारी अर्यालले १ हजार ५ सय ३० मत, शेरधन राईले १ हजार ५ सय ३ मत, हिक्मतकुमार कार्कीले १ हजार ३ सय ३७ मत, खगराज अधिकारीले १ हजार ३ सय ३१ मत, यमलाल कँडेलले १ हजार १ सय ८५ मत, राजन भट्टराईले १ हजार १ सय ८१ मत र भानुभक्त ढकाल १ हजार १ सय ८ मतका साथ विजयी भए ।

# रास्वपा सभापति लामिछानेलाई रिहा गर्न अदालतको आदेश

लुम्बिनी, ३ पुस (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासले बैंक जमानत स्वीकार गरी रिहा गर्न आदेश दिएको छ ।

बुटवलस्थित सुप्रिम सहकारीको रकम ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा रहनुभएका पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेलाई शुक्रबार रिहा गर्न आदेश भएको हो ।

उच्च अदालत तुलसीपुर बुटवल इजलासका न्यायाधीश वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले अदालतबाट अन्तिम फैसला हुँदा ठहरे बमोजिम हुने नै हुँदा बिगोका हकमा थप दायित्व सृजना गरेमा र तिर्न बुझाउन मञ्जुर भए सो को कागज गरी प्रतिवादी रवी लामिछानेलाई सुप्रिम सहकारीको रकम ठगी मुद्दाको रोहबाट थुनामुक्त गर्नु भनी आदेश भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिनुभयो ।

सहकारीको रकम अपचलन मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले आफू कार्यरत रहेको संस्थामा सुप्रिम सहकारीबाट रकम प्रवाह भएको बिगोमध्ये दामासाहीले हुने बिगो बैंक ग्यारेन्टी राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार बैंक ग्यारेन्टी लिई मुद्दाको पुर्पक्ष गरी पाउँ भनी माग गर्नुभएको थियो ।

सोही मागअनुसार लामिछानेले बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखिएकाले बचतकर्ता तथा लगानीकर्ताको रकम सुनिश्चितता नै पहिलो प्राथमिकता हुने ठहर गरी बैंक जमानत स्वीकार गरी मुद्दाको कारबाही अगाडि बढाउन आदेश गरिएको सूचना अधिकारी कुँवरले जानकारी दिनुभयो ।

यसरी सुरु रुपन्देही जिल्ला अदालतले विसं २०८१ माघ १३ मा सुरु थुनछेकको क्रममा माग गरेको धरौटी रकम दफा ६८ अनुसार स्वीकार गरी प्रतिवादीले निवेदन साथ पेस गरेको बैंक जमानत (ग्यारेन्टी) रु दुई करोड ७४ लाख ८४ हजार बिगोका हक सुरक्षित गर्ने भनी आदेशमा भनिएको छ ।

# राष्ट्रियसभा निर्वाचन : मतदानस्थल तथा केन्द्र निर्धारण

काठमाडौं, ३ पुस (रासस) ।

निर्वाचन आयोग नेपालले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदानस्थल र मतदान केन्द्र तोकेको छ । आयोगले बुधबार सातवटै प्रदेशका लागि मतदानस्थल निर्धारण गरिएको सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “आयोगले सातवटै प्रदेशको राजधानी रहेका जिल्लामा मतदानस्थल रहनेगरी स्थान तोकिसकेको छ, तोकिएका मतदानस्थलमा दुई-दुई वटा मतदान केन्द्र रहने व्यवस्था मिलाइएको छ ।” जसमा निर्वाचनमा प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचन मण्डलले मतदान गर्ने व्यवस्था रहेको छ भने मतदान केन्द्र ‘क’ प्रदेशसभाका सदस्यका लागि र मतदान केन्द्र ‘ख’ गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि तोकिएको छ ।

आयोगद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ, “कोशी प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, विराटनगर मोरङ, मधेस प्रदेशको महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुर उपमहानगरपालिका वडा ४ धनुषा, बागमती प्रदेशको भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा उपमहानगरपालिका-४ मकवानपुर, गण्डकी प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, पोखरा कास्कीमा प्रदेशको मतदान केन्द्र तोनिएको छ ।”

त्यसैगरी, आयोगले लुम्बिनी प्रदेशको कर्मचारी मिलन केन्द्र, घोराही, दाङ, कर्णाली प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, वीरेन्द्रनगर, सुर्खेत र सुदूरपश्चिम प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, धनगढी, कैलालीमा तोकिएको छ ।

# जेनजी आन्दोलन : भौतिक र अन्य क्षतिको पाँच अर्ब बढी दाबी भुक्तानी

काठमाडौं, ३ पुस (रासस) ।

जेनजी आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बिमा दाबी रकममध्ये हालसम्म रु पाँच अर्ब १८ करोड दाबी रकम बीमितलाई भुक्तानी गरिएको छ ।

नेपाल बिमा प्राधिकरणले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै निर्जीवन बिमा कम्पनीमा परेका कूल तीन हजार ३०३ वटा बिमा दाबीको करिब रू २३ अर्ब ४५ करोड दाबी रकममध्ये हालसम्ममा उक्त रकम भुक्तानी भइसकेको जनाएको हो । सम्पत्ति बिमातर्फ करिब रू तीन अर्ब ८२ करोड र मोटर बिमातर्फ करिब रू एक अर्ब २२ करोड भुक्तानी भएको प्राधिकरणले जनाएको छ ।

इन्जिनीयरिङ तथा ठेक्का जोखिम बिमातर्फ करिब रु सात करोड ५० लाख, परिवहन बिमातर्फ करिब रू एक करोड ५५ लाख र अन्य बिमातर्फ करिब रू पाँच करोड ५० लाख अग्रिम भुक्तानीसमेत गरी दाबी रकम भुक्तानी भएको छ ।

**अग्रिम भुक्तानीसहित करिब तीन अर्ब दुई करोड पुनःबिमा दाबी भुक्तानी**

जेनजी आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बिमा दाबी भुक्तानीका लागि नेपाल पुनःबिमा कम्पनीले निर्जीवन बिमा कम्पनीलाई करिब रू तीन अर्ब दुई करोड अग्रिम भुक्तानीसमेत गरी पुनःबिमा दाबी भुक्तानी गरेको छ ।

नेपाल पुनःबिमा कम्पनीमा विभिन्न १४ वटा निर्जीवन बिमा कम्पनीबाट परेका कूल दुई हजार ८६२ वटा पुनःबिमा दाबीको दाबी रकम करिब रू १६ अर्ब ६२ करोड रहेको अध्यावधिक तथ्याङ्क छ ।

# वैदेशिक रोजगारमा संलग्न ठगी नियन्त्रण गर्न संयन्त्र तयारी गर्दै

काठमाडौं, ३ पुस (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशीक रोजगारीका नाममा ठगी गर्नेलाई उम्किन नदिन केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) टोलीसहितको विशेष संयन्त्र निर्माणको तयारी गरिएको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय आप्रवासन दिवसका अवसरमा शुक्रबार मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री भण्डारीले वैदेशिक रोजगारी यसका लागि सिआइबीलाई पत्र पठाएको उल्लेख गर्दै चेलिबेटी बेचबिखन, अपराध महाशाखालगायत सबै टोलीलाई सक्रिय बनाएर विशेष संयन्त्र तयार गर्न लागिएको बताउनुभयो ।

“वैदेशिक रोजगारका नाममा ठग्ने र दुःख दिने जुनसुकैलाई कानुनी कठघरामा ल्याउछौँ”, उहाँले भन्नुभयो, “सुशासनको सुरुवात गर्ने एउटा आधार यो हो ।” उहाँले सिआइबी टोली मन्त्रालयमा बोलाएर संयन्त्र खडा गर्ने प्रक्रियाअघि बढेको बताउनुभयो ।

मुलुकलाई आत्मनिर्भर बनाउन स्वदेशमै परिश्रम गर्ने वातावरण मिलाउन अहिलेको सरकार लागेको उल्लेख गर्दै उहाँले आप्रवासन जनशक्तिको सम्मान र सदुपयोग गर्न जरुरी रहेको बताउनुभयो । छोटो समयका लागि विशेष परिस्थितिमा मन्त्री बन्न आएको भए पनि वैदेशिक रोजगार व्यवस्थित बनाउन आफूले दिनरात नभनी जिम्मेवारी पूरा गर्ने बताउनुभयो ।

त्यस अवसरमा नेपाल लेबर माइग्रेसन रिपोर्ट २०२४ सार्वजनिक गरिएको थियो । श्रम मन्त्रालय र इन्टरनेशनल लेबर अर्गनाइजेशन (आइएलओ) को संयुक्त सहकार्यमा तयार पारिएको उक्त प्रतिवेदन हरेक दुई वर्षमा प्रकाशन हुने गर्छ ।

आइएलओका देशीय निर्देशक नुमान ओज्कानले जुन सुकै देशका आप्रवासीको हकहित र सुरक्षाका लागि सबैको सहकार्य आवश्यक हुने बताउनुभयो । नेपाल सरकारसँग आप्रवासनको नीतिगत सुधार, श्रमिक अधिकार र व्यवस्थापनमा आइएलओ हातेमालो सधैं सकारात्मक रहँदै आएको उहाँले प्रष्ट पार्नुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव डा कृष्णहरि पुस्करले आप्रवासन संस्कृतिलाई रोक्न नसकिने हुँदा यसको सही व्यवस्थापनमा रणनीति बनाएर जानु नै उपयुक्त हुने धारणा राख्नुभयो । मन्त्रालयले सप्ताहव्यापी रुपमा अन्तरराष्ट्रिय आप्रवासन दिवस मनाउँदै आएको छ ।

### *काठमाडौंबाट फरार...*

प्रहरीले जनाएको छ ।

काठमाडौं जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहेका बेला भागेका दुवै जनालाई आवश्यक कारवाहीका लागि कारागार कार्यालय वीरगञ्ज, पर्सामा पठाइएको छ ।

### *सञ्चारमाध्यमको ...*

आफुले आवाज उठाउने प्रतिवद्धता जनाईन् । उनले लोकतन्त्रको सवलीकरणको लागि पत्रकार र सञ्चारगृहलाई सबल बनाउनुपर्नेमा जोड दिईन् ।

यस्तै आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाले संघीयता र संविधानका लागि मधेश प्रदेशका पत्रकारहरुले कलम चलाउनुपर्नेमा जोड दिए । उनले संघीय संसद र प्रदेशसभाले बनाएको कानुनको विपरित पनि अहिलेको सरकारले हस्तक्षेप गरेर निर्णय गर्नु असवैधानिक भएको टिप्पणी गरे ।

मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष सुरेश यादवको अध्यक्षतामा आयोजित गोष्ठिमा सप्तरी र सिरहाका ६० जना भन्दाबढी पत्रकारको सहभागिता रहेको थियो ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८२/०८३ मिति: २०८२/०८/२९
च.नं.

**विषय : ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना ।**

रैती नं. ६६ मुगा लाल कामीको नाममा दर्ता रहेको साविक प्रगन्ना रायझमुना मौजे हटेलको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. तरही वडा नं. ६ हाल परिवर्तित डाक्नेश्वरी न.पा. वडा नं. ३ वस्ने मनु मिझार कामीको नाति मुगा लाल विश्वकर्माको छोरा उदय शंकर विश्वकर्माको यस कार्यालयमा द.नं. ७६५० मिति २०८२/०८/१७ गतेमा निवेदन परि हकदावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०८/२९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १४६२ | तरही | ६ | २४४ | ०-०-१४ | मुगालाल कामी | फिल्डबुक को किसान महलमा पोखरीको डिल जनिएको कैफियत महलमा यो जग्गा तरही वडा नं. ६ बस्ने मुगालाल कामीको नम्बरी हो भनि उल्लेख रहेको । |

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*